# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नेपाल कानुन आयोगबाट सार्वजनिक गरिएको विवरण

२०७५ बैशाख, जेष्ठ र आषाढ महिनामा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाल सरकार

नेपाल कानून आयोग

नयाँ बानेश्वर, काठमाण्डौ

नेपाल कानून आयोग

# विषय-सूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने पदाधिकारी तथा कर्मचारी संख्या र कार्यविवरण

क.आयोगकापदाधिकारी

ख.कर्मचारी दरबन्दी

ग.पदाधिकारी तथा कर्मचारीहरुको कार्यविवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

क.आयोगका पदाधिकारी सम्बन्धी विवरण

ख. आयोगको सेवा प्रदान गर्ने शाखागत प्रशासनिक संगठन संरचना

ग. संगठन संरचना अनुसार शाखागत जिम्मेवारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बर

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण

१३. अघिल्लो आर्थिक बर्षमा संचालित कार्यक्रमहरु

१४. आयोगको वेबसाइट

१५. आयोगमा कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण


नेपाल कानून आयोग

१६. आयोगले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन

१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

१८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण

२०. अन्य विवरण

नेपाल कानून आयोग

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) रसूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नेपाल कानून आयोगबाट प्रकाशित विवरण

**आर्थिक वर्ष २०७४/०७५ (२०७५ बैशाख देखि २०७५ आषाढसम्म)**

## १. आयोगको स्वरुप र प्रकृतिः

विद्यमान कानूनमा समायानुकूल संशोधन, परिमार्जन र आधुनिकीकरण गर्दै समाज र राष्ट्रको आवश्यकता अनुसार तत्कालीन समय सापेक्ष कानून बनाउने उद्देश्यले विश्वका विभिन्न मुलुकमा "कानूनआयोग"वा"कानून सुधार आयोग"को नामबाट यस्ता आयोगको गठन गर्ने गरेको पाइन्छ।कमन ल प्रणाली अपनाउने मुलुकहरुमा कानूनको नियमित सुधार अपरिहार्य अवाश्यकता भएको मानिन्छ र सोही आवश्यकता पूरा गर्न आयोग गठन गर्ने गरिन्छ । सार्क मुलुकमध्ये भारत, पाकिस्तान, श्रीलंका, बंगलादेशमा कानून आयोगको गठन भएको छ भने कमन ल का अनुयायी अन्य मुलुकहरु बेलायत, क्यानडा, अमेरिका, न्यूजिलैण्ड, आयरलैण्ड, तान्जानिया, केन्या, मरिशस, युगाण्डा, दक्षिण अफ्रिका लगायतका मुलुकमा कानून सुधार आयोग स्थापना गरिएको देखिन्छ ।

नेपालमा कानून आयोगको ऐतिहासिक यात्रा सर्वप्रथम वि.सं. २०१० साल देखि शुरु भएको देखिन्छ । नयाँ कानूनको तर्जुमा गर्ने, मौजुदा कानूनमा संशोधन गर्ने तथा कानूनको वैज्ञानिक ढंगले संहिताकरण गर्ने सम्बन्धमा सरकार समक्ष सुझावहरु पेश गर्नका लागि २०१० सालमा "ल कमिशन"को स्थापना तथा गठन भएको थियो । "ल कमिशन" कै नाममा विभिन्न समयमा गठनहुँदै वि.सं. २०३६ सालमा "नेपाल कानून सुधार आयोग"को रुपमा पुनर्गठन भएको देखिन्छ । यसरी विभिन्न आरोह अवरोह पार गर्दै कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्न, कानूनको मस्यौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समयसापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण समेतको काम गर्नको लागि नेपाल सरकारको एक

विशिष्टीकृत निकायको रुपमा नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम २०६३ सालमानेपाल कानून आयोगको स्थापना भएको हो ।

नेपाल कानून आयोग ऐन, २०६३ ले व्यवस्था गरे अनुसार आयोगमा एक अध्यक्ष, एक उपाध्यक्ष, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) र महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता गरी ३ (तीन) जना पदेन सदस्य, कम्तीमा एक जना महिला सहित तीन जना सदस्य र नेपाल कानून आयोगको सचिव सदस्य-सचिव रहने गरी जम्मा ९ (नौ) सदस्य रहने व्यवस्था छ ।

## २. आयोगको काम, कर्तव्य र अधिकारः

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् :

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकतानुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून

खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकतानुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकतानुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकतानुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० ले निर्दिष्ट गरेका कार्यहरुका अलावा आयोगले कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने भनाईलाई आत्मसात गर्दै विभिन्न कानून र तीनका

नेपाल कानून आयोग

प्रावधानहरुका वारेमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने तथा प्रचार प्रसार गर्ने कार्य पछिल्ला वर्षहरुमा गर्दै आईरहेको छ ।

आयोगले विद्यमान नेपाल कानूनहरुको पूर्ण पाठ तथा खारेज भै सकेका कानूनहरुको अभिलेख समेत आयोगको वेवसाइटमा सबैले उपयोग गर्न सक्ने गरी अद्यावधिक गरी उपलब्ध गराउदै आएको छ । साथै कतिपय नेपाल कानूनको अंग्रेजी भाषामा र नेपाल पक्ष भएका सन्धी सम्झौताको नेपाली भाषामा समेत अनुवाद गरी आयोगको वेवसाइट मार्फत उपलब्ध गराउदै आएको छ।

## ३. आयोगमा रहने पदाधिकारी तथा कर्मचारी संख्या र कार्यविवरण

### क. <u>आयोगका पदाधिकारीः</u>

नेपाल कानून आयोग ऐन, २०६३ को दफा ४ अनुसार आयोगमा देहायको योग्यता भएका देहाय बमोजिमका पदाधिकारीहरु रहने व्यवस्था छ :

- सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष
- नेपाल न्याय सेवाको राजपत्राङ्कीत विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तिमा १५ वर्ष कानून व्यवसायीको रुपमा काम गरेको वा कानूनको अध्ययन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तिमा १५ वर्षको अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति -उपाध्यक्ष
- खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनित गरेको कम्तिमा एकजना महिला रहने गरी बढीमा तीनजना -सदस्य

- सचिव, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय -सदस्य
- सचिव (कानून) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य
- नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्तको कार्यालय -सदस्य
- सचिव, नेपाल कानून आयोग -सदस्य सचिव

**ख.** **कर्मचारी दरबन्दी :**

नेपाल कानून आयेगको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा देहाय बमोजिमकर्मचारी दरवन्दी रहेको छ :

| | |
|---|---|
| (१)सचिव (विशिष्ट श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | १ |
| (२)सहसचिव (रा.प. प्रथम श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| (३)उपसचिव (रा.प. द्वितीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| (४)शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | ५ |
| (५)लेखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल प्रशासन सेवा, लेखा समूह | १ |
| (६)कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी) नेपाल विविध सेवा | १ |
| (७)नायव सुब्बा, नेपाल प्रशासन सेवा, सा.प्र. समूह | ३ |
| (८)नायव सुब्बा, नेपाल न्याय सेवा कानून समूह | ५ |
| (९)कम्प्यूटर अप्रेटर,नेपाल विविध सेवा | १ |
| (१०)खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ |
| (११)हलुका सवारी चालक इन्जिनियरिङ्ग सेवा | ३ |
| (१२)कार्यालय सहयोगी | ४ |
| (१३)स्वीपर | १ |
| **कूल दरबन्दी** | **३३ जना** |

आयोगमा देहाय बमोजिमसंख्यामा कर्मचारी सेवा करारमा कार्यरत रहेका छन्ः

| | |
|---|---|
| (१) हलुका सवारी चालक | २ |

| | |
|---|---|
| (२) कार्यालय सहयोगी | ३ |
| **कूल करार** | **५जना** |

**ग.** **पदाधिकारी तथा कर्मचारीहरुको कार्यविवरण**

आयोगका पदाधिकारी तथा कर्मचारीहरुको कार्यविवरण निम्न बमोजिम रहेको छः

**(१)** **अध्यक्षको काम, कर्तव्य र अधिकारः** नेपाल कानून आयोग ऐन, २०६३ को दफा १२ अनुसार आयोगको अध्यक्ष पुरा समय काम गर्ने पदाधिकारी हुन्छ । अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोगको काम कारबाही समन्वयात्मक ढंगले सञ्चालन गर्ने,

(ख) अध्यक्षको हैसियतले आयोगसँग सम्बन्धित अन्य काम गर्ने,

(ग) नेपाल सरकारले तोकेको काम गर्ने ।

**(२)** **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** नेपाल कानून आयोग ऐन, २०६३ को दफा १३ अनुसार आयोगको उपाध्यक्ष पनि पुरा समय काम गर्ने पदाधिकारी हुने व्यवस्था छ । उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपाध्यक्षको हैसियतले आयोगसँग सम्बन्धित काम गर्ने,

(ख) अध्यक्ष विदामा बसेको वा नरहेको वा काजमा रहेको अवस्थामा अध्यक्षले गर्नु पर्ने कामगर्ने,

(ग) अध्यक्षले तोकेको काम गर्ने ।

**(३)** **सचिवको काम, कर्तव्य र अधिकारः** नेपाल कानून आयोग ऐन, २०६३ को दफा १५ अनुसार आयोगको सचिवको रूपमा काम गर्न आयोगमा एकजना नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको अधिकृत रहनेछ। सचिवले आयोगको सदस्य सचिवको भूमिका निर्वाह गर्ने व्यहोरा नेपाल कानून आयोग ऐन, २०६३ को दफा ४ (१) (छ) मा उल्लेख छ ।

**नेपाल कानून आयोग ऐन, २०६३ को दफा १५ अनुसार आयोगको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने,

(ख) आयोगको प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने काम गर्ने,

(घ) अध्यक्षको निर्देशनमा आयोगको बैठक बोलाउने,

(ङ) आयोगको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

**आयोगको स्वीकृत संगठन तथा ब्यबस्थापन सर्वेक्षण अनुसार आयोगको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम तोकिएका कार्यहरु सम्पन्न गर्ने,

(ख) आयोगको निर्णय वा अन्य आधारमा सिर्जित आयोगको सदस्य-सचिवको रुपमा सम्पन्न गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने,

(ग) आयोगको आर्थिक प्रशासनिक लगायतका कार्यहरु प्रचलित कानून बमोजिम सम्पन्न गर्ने,

(घ) आयोगको प्रशासनिक नियन्त्रणको कार्य गर्ने,

(ङ) आयोगको निर्णय बमोजिम कानूनसंग सम्बद्ध कार्यहरु गर्ने र गर्न लगाउने,

(च) तोकिएका अन्य कामहरु गर्ने र गर्न लगाउने ।

(४) **सहसचिवको (प्रशासन महाशाखा) काम, कर्तव्य र अधिकारः**

(क) आयोगको बैठकको व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमको कामहरु गर्ने वा गर्न लगाउने,

(ख) आयोगको नियमित प्रशासनको कार्यहरुका सम्बन्धमा आयोगको सामान्य निर्देशन र सचिवको निर्देशनको अधिनमा रही सञ्चालन गर्ने,

(ग) आयोगको वेबसाईट व्यवस्थापन सम्बन्धी कार्यहरु तोकिए बमोजिम गर्ने वा गर्न लगाउने,

(घ) आयोगले सञ्चालन गर्ने विभिन्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षणको कार्यका लागि आवश्यक प्रशासनिक व्यवस्था मिलाउने वा मिलाउन लगाउने,

(ङ) कानून तर्जुमाको सम्बन्धमा आयोग वा सचिवबाट भएको निर्देशनानुसारको कार्य सम्पन्न गर्ने वा गर्न लगाउने,

(च) आयोगको निर्णय बमोजिम सम्पन्न गर्नुपर्ने प्रशासनिक कार्यहरु गर्ने वा गर्न लगाउने,

(छ) तोकिएका अन्य कामहरु गर्ने ।

**(५) सहसचिवको (तर्जुमा तथा अनुसन्धान महाशाखा)काम, कर्तव्य र अधिकारः**

(क) सम्बन्धित कानूनहरुको जानकारी लिने र तर्जुमाको कार्य गर्ने र गर्न लगाउने,

(ख) सम्बन्धित कानूनको विषयमा विद्यमान अवधारणाहरुको जानकारी लिने र लिन लगाउने साथै कानून कार्यान्वयनको स्थिती तथा संशोधन आवश्यकता लगायतको विषयहरुमा अध्ययन, अनुसन्धान र सर्वेक्षण आदि गर्ने, गर्न लगाउने,

(ग) आयोगका सचिवलाई आवश्यक विषयमा परामर्श र सहयोग उपलब्ध गराउनुका साथै महाशाखाको प्रमुखको रुपमा तर्जुमा सम्बन्धी कार्यको नियन्त्रण, समन्वय लगायतका प्रशासनीक कार्यहरु गर्ने,

(घ) आयोगको निर्णय बमोजिम कानूनसंग सम्बद्ध कार्यहरु गर्ने र गर्न लगाउने,

(ङ) तोकिएका अन्य कामहरु गर्ने र गर्न लगाउने ।

**(६) उपसचिवको (आन्तरिक तथा आर्थिक प्रशासन शाखा)काम, कर्तव्य र अधिकारः**

(क) आयोगको बैठकको व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमको कामहरु गर्ने,

(ख) आयोगको नियमित प्रशासनको कार्यहरुका सम्बन्धमा सचिव र महाशाखा प्रमुखको निर्देशनको अधिनमा रही सञ्चालन गर्ने,

(ग) आयोगको वेबसाईट अद्यावधिक गर्ने, वेबसाईटमा विषयवस्तु अपलोड गर्ने लगायतका वेबसाईट सम्बन्धी कार्यहरु तोकिए बमोजिम गर्ने,

(घ) आयोगले सञ्चालन गर्ने विभिन्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षणको कार्यका लागि आवश्यक प्रशासनिक व्यवस्था मिलाउने,

(ङ) कानून तर्जुमाको सम्बन्धमा निर्देशनानुसारको कार्य सम्पन्न गर्ने,

(च) आयोगको निर्णय बमोजिम सम्पन्न गर्नुपर्ने प्रशासनिक कार्यहरु गर्ने,

(छ) तोकिएका अन्य कामहरु गर्ने ।

**(७) उपसचिवको (तर्जुमा तथा अनुशन्धान महाशाखा) काम, कर्तव्य र अधिकारः**

(क) तोकिएको विषयगत मन्त्रालयसँग सम्बन्धित कानूनहरुको जानकारी लिने र तर्जुमाको कार्य गर्ने

(ख) तोकिएको विषयगत मन्त्रालयसँग सम्बन्धित कानूनको क्षेत्रमा प्रचलित विद्यमान अवधारणाहरुको जानकारी लिने ।

(ग) तोकिएको विषयगत क्षेत्रसँग सम्बन्धित प्रचलित नेपाल कानूनहरुको कार्यान्वयनको स्थिती तथा संशोधनको आवश्यकताको सम्बन्धमा अध्ययन गर्ने ।

(घ) आयोगले पहिचान गरेका वा तोकिएको विषयगत मन्त्रालयबाट अनुरोध भईआएका विषयका कानून तथा कानूनी प्रणालीको विषयमा आवश्यक अध्ययन तथा सर्वेक्षणको कार्यमा सहभागीता गर्ने ।

(ङ) विद्यमान कानूनी प्रणालीको आधारमा कानूनमा सुधार तथा परिमार्जनका क्षेत्रहरुको पहिचान गर्ने।

(च) आयोगको निर्णय बमोजिम कानूनसंग सम्बद्ध कार्यहरु गर्ने ।

(छ) तोकिएका अन्य कामहरु गर्ने ।

नेपाल कानून आयोग

**(८) शाखा अधिकृतको (आन्तरिक प्रशासन शाखा) काम, कर्तव्य र अधिकार :**

(क) आयोगको बैठकको व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमको कामहरु गर्ने,

(ख) आयोगको नियमित प्रशासनको कार्यहरुका सम्बन्धमा सचिव, महाशाखा प्रमुख र शाखा प्रमुखको निर्देशनको अधिनमा रही सञ्चालन गर्ने,

(ग) आयोगको वेबसाईट अद्यावधिक गर्ने, वेबसाईटमा विषयवस्तु अपलोड गर्ने लगायतका वेबसाईट सम्बन्धी कार्यहरु तोकिए बमोजिम गर्ने,

(घ) आयोगले सञ्चालन गर्ने विभिन्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षणको कार्यका लागि आवश्यक प्रशासनिक व्यवस्था मिलाउने,

(ङ) कानून तर्जुमाको सम्बन्धमा निर्देशनानुसारको कार्य सम्पन्न गर्ने,

(च) आयोगको निर्णय बमोजिम सम्पन्न गर्नुपर्ने प्रशासनिक कार्यहरु गर्ने,

(छ) तोकिएका अन्य कामहरु गर्ने ।

**(९) शाखा अधिकृतको (तर्जुमा तथा अनुशन्धान शाखा) काम, कर्तव्य र अधिकार**

(क) तोकिएको विषयगत मन्त्रालयसँग सम्बन्धित कानूनहरुको जानकारी लिने र तर्जुमाको कार्य गर्ने

(ख) तोकिएको विषयगत मन्त्रालयसँग सम्बन्धित कानूनको क्षेत्रमा प्रचलित विद्यमान अवधारणाहरुको जानकारी लिने ।

(ग) तोकिएको विषयगत क्षेत्रसँग सम्बन्धित प्रचलित नेपाल कानूनहरुको कार्यान्वयनको स्थिती तथा संशोधनको आवश्यकताको सम्बन्धमा अध्ययन गर्ने ।

(घ) आयोगले पहिचान गरेका वा तोकिएको विषयगत मन्त्रालयबाट अनुरोध भईआएका विषयका कानून तथा कानूनी प्रणालीको विषयमा आवश्यक अध्ययन तथा सर्वेक्षणको कार्यमा सहभागीता गर्ने ।

(ङ) विद्यमान कानूनी प्रणालीको आधारमा कानूनमा सुधार तथा परिमार्जनका क्षेत्रहरुको पहिचान गर्ने।

(च) आयोगको निर्णय बमोजिम कानूनसंग सम्बद्ध कार्यहरु गर्ने ।

(छ) तोकिएका अन्य कामहरु गर्ने ।

**(१०) लेखा अधिकृतको (आर्थिक प्रशासन शाखा) काम, कर्तव्य र अधिकारः**

(क) आयोगको वार्षिक बजेटको सञ्चालन सम्बन्धमा प्रचलित कानून र आयोग तथा सचिव, महाशाखा प्रमुख र शाखा प्रमुखले दिएको निर्देशनको अधिनमा रही गर्नुपर्ने कार्य गर्ने,

(ख) आयोगको लेखापालन सम्बन्धमा गर्नुपर्ने कार्यहरु गर्ने,

(ग) आयोगको आय, व्यय लगायत सम्पूर्ण आर्थिक कारोबारको विवरण र अभिलेख राख्ने,

(घ) प्राप्त निर्देशन बमोजिमका आर्थिक र लेखांकन सम्बन्धी कार्यहरु गर्ने,

(ङ) तोकिएका अन्य कामहरु गर्ने ।

**(११) कम्प्युटर इन्जिनियरको (आन्तरिक प्रशासन शाखा) काम, कर्तव्य र अधिकार :**

(क) आयोगको वेबसाईट सम्बन्धमा तोकिए बमोजिमको कार्यहरु गर्ने ।

(ख) आयोगलाई आवश्यक भएको विषयमा सूचना प्रविधिको सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धानको विषयमा निर्देशानुसारको कार्य गर्ने ।

(ग) आयोगको आन्तरिक नेटवर्क निरिक्षण एवं प्राविधिक कार्यहरु गर्ने

(घ) आयोगलाई आवश्यक रहेका विभिन्न प्राविधिक विषयहरुमा निर्देशानुसार सहभागिता जनाउने ।

(ङ) तोकिएका अन्य कामहरु गर्ने ।

**(१२) नायव सुव्वाको (प्रशासन शाखा, निजी सचिवालय) काम, कर्तव्य र अधिकार :**

(क) आगन्तुकहरुको सूची तयार पार्ने तथा भेटघाटको लागि तालिका लगायतको कार्य निर्देशनानुसार गर्ने ।

(ख) फाईल, राजपत्र, कानून सम्बन्धी पुस्तकहरु निर्देशन भए अनुसार जिम्मा लिने ।

(ग) भेटघाट तथा कार्यक्रमहरुको जानकारी दुरुस्त राख्ने ।

(घ) विधेयक तर्जुमाको कार्यमा तोकिए बमोजिम सहयोगी भई कार्य गर्ने ।

(ङ) विद्यमान कानूनी प्रणालीको संशोधन वा सुधारका लागि अध्ययन वा अनुसन्धानको कार्यमा तोकिए बमोजिम सहभागिता जनाई आवश्यक कार्य सम्पादन गर्ने ।

(छ) तोकिएका अन्य कामहरु गर्ने ।

**(१३) नायव सुव्वाको (प्रशासन शाखा, भण्डार इकाई)काम, कर्तव्य र अधिकार :**

(क) प्रशासन शाखाको तोकिएको इकाईमा रही आवश्यक फाईल, किताब, जिन्सी लगायतका अभिलेख र मालसामानहरुको तोकिए बमोजिम जिम्मेवारी लिने ।

(ख) निर्देशन भए बमोजिम भण्डार, पुस्तकालय वा प्रशासन हेर्ने शाखा अधिकृतबाट तोकिएका कार्यमा सहयोग गर्ने तथा आदेशानुसार जिम्मेवारी लिने ।

(ग) निर्देशानुसार प्रशासन महाशाखाको अन्य कार्यहरु गर्ने ।

(घ) आयोगको निर्णय बमोजिम कानूनको क्षेत्रसंग सम्बद्ध कार्यहरु गर्ने ।

**(१४) नायव सुव्वाको (प्रशासन शाखा, पुस्तकालय इकाई) काम, कर्तव्य र अधिकार :**

(क) प्रशासन शाखाको तोकिएको इकाईमा रही आवश्यक फाईल, किताब, जिन्सी लगायतका अभिलेख र मालसामानहरुको तोकिए बमोजिम जिम्मेवारी लिने ।

(ख) निर्देशन भए बमोजिम भण्डार, पुस्तकालय वा प्रशासन हेर्ने शाखा अधिकृतबाट तोकिएका कार्यमा सहयोग गर्ने तथा आदेशानुसार जिम्मेवारी लिने ।

(ग) निर्देशानुसार प्रशासन महाशाखाको अन्य कार्यहरु गर्ने ।

(घ) आयोगको निर्णय बमोजिम कानूनको क्षेत्रसंग सम्बद्ध कार्यहरु गर्ने ।

(ङ) तोकिएका अन्य कामहरु गर्ने ।

नेपाल कानून आयोग

**(१५) नायव सुव्वाको (आन्तरिक प्रशासन शाखा) काम, कर्तव्य र अधिकार :**

(क) प्रशासन शाखाको तोकिएको इकाईमा रही आवश्यक फाईल, किताब, जिन्सी लगायतका अभिलेख र मालसामानहरुको तोकिए बमोजिम जिम्मेवारी लिने ।

(ख) निर्देशन भए बमोजिम भण्डार, पुस्तकालय वा प्रशासन हेर्ने शाखा अधिकृतबाट तोकिएका कार्यमा सहयोग गर्ने तथा आदेशानुसार जिम्मेवारी लिने ।

(ग) निर्देशानुसार प्रशासन महाशाखाको अन्य कार्यहरु गर्ने ।

(घ) आयोगको निर्णय बमोजिम कानूनको क्षेत्रसंग सम्बद्ध कार्यहरु गर्ने ।

(ङ) तोकिएका अन्य कामहरु गर्ने ।

**(१६) कम्प्युटर अपरेटरको (आन्तरिक प्रशासन शाखा) काम, कर्तव्य र अधिकार :**

(क) आयोगको वेबसाईट सम्बन्धमा तोकिए बमोजिमको कार्यहरु गर्ने ।

(ख) आयोगलाई आवश्यक भएको विषयमा सूचना प्रविधीको सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धानको विषयमा निर्देशानुसारको कार्य गर्ने ।

(ग) आयोगको आवश्यकताको विभिन्न विषयका पत्र व्यवहार, कागजात लगायतको विषयमा आवश्यक टंकण (टाईपिङ) को कार्य गर्ने ।

(घ) आयोगलाई आवश्यक रहेका विभिन्न प्राविधीक विषयहरुमा निर्देशानुसार सहभागिता जनाउने ।

(ङ) तोकिएका अन्य कामहरु गर्ने ।

**(१७) खरिदारको (तर्जुमा तथा अनुसन्धान शाखा) काम, कर्तव्य र अधिकार**

(क) कानूनको क्षेत्रमा प्रचलित विद्यमान अवधारणाहरुको अद्यावधीक गर्ने ।

(ख) प्रचलित नेपाल कानूनहरुको कार्यान्वयनको स्थिती तथा संशोधनको आवश्यकताको सम्बन्धमा अनुसन्धान र सर्वेक्षणमा आवश्यकतानुसार सहभागिता गर्ने ।

(ग) विधेयक तर्जुमाको कार्यमा सहयोग गर्ने ।

(घ) आयोगको निर्णय बमोजिम कानूनसंग सम्बद्ध कार्यहरु गर्ने ।

(ङ) तोकिएका अन्य कामहरु गर्ने ।

## ४. आयोगबाट प्रदान गरिने सेवा :

(क) नेपाल कानून आयोगले गर्ने काम र उपलब्ध गराउने सेवा देहाय बमाजिम रहेका छन् :

- आयोगको वेवसाइट www.lawcommission.gov.np मार्फत कानूनको अद्यावधिक विवरण प्रकाशन गर्ने,
- नयाँ कानून बनाउने वा बिध्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वाकानून तथा न्याय सम्बन्धी समसामयीक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,
- कानूनको संहिताकरणको लागी आवश्यक संहिताको मसौदा तयार गरि नेपाल सरकार समक्ष पेश गर्ने,
- प्रचलित कानूनमा एकिकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मसौदा नेपाल सरकार समक्ष पेश गर्ने,
- हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानवअधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेको कानूनको बारेमा अध्ययन गरि त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,
- अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मसौदा वा सुझाव दिने,
- कानूनको तर्जुमा, संहिताकरण,एकिकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासंग परामर्श, छलफल तथा अन्तरक्रियागर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासंग सहकार्य गर्ने,

- कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,
- कानूनको मसौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम संचालन गर्ने,
- अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरुसंग सम्पर्क गरि आवश्यक जानकारी तथा सूचनाहरु आदान प्रदान गर्ने,
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरुप कानून भए नभएको विषय अध्ययन गर्ने तथा सो अनुरुप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मसौदा पेश गर्ने,
- नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्याय संग सम्बन्धित अन्य कामहरु गर्ने,

(ख) नेपाल कानून आयोगको नागरिक बडापत्र जारी गरी कार्यालय परिसरमा फ्लेक्स बोर्ड टाँसिएको छ।


## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

**(क)आयोगका पदाधिकारी सम्बन्धी विवरण**

| क.स | नाम | पद |
|---|---|---|
| १. | श्री माधव पौडेल | अध्यक्ष |
| २. | श्री भेष राज शर्मा | उपाध्यक्ष |
| ३. | श्री राजिव गौतम, सचिव, कानून, न्याय तथा संसदीय मामिलामन्त्रालय | सदस्य |
| ४. | श्री डिल्लीराज घिमिरे, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| ५. | श्री खगराज पौडेल, नायव महान्यायधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ६. | श्री चिरञ्जीवी खनाल, सचिव, नेपाल कानून आयोग | सदस्य-सचिव |

(ख) आयोगको सेवा प्रदान गर्ने शाखागत प्रशासनिक संगठन संरचना देहाय बमोजिम रहेको छ :-

## प्रशासनिक संगठन संरचना



**(ग) आयोगको संगठन संरचना अनुसार शाखागत जिम्मेवारी देहाय बमोजिम बाँडफाँड गरिएको छ :-**

| क्र.स. | कर्मचारीको नाम/थर | पद | शाखागत जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | श्री चिरञ्जीवी खनाल | सचिव | नेपाल कानून आयोग | |
| २. | - | सहसचिव | प्रशासन महाशाखा | हाल रिक्त |
| ३. | - | सहसचिव | तर्जुमा तथा अनुसन्धान महाशाखा | हाल रिक्त |
| ४. | श्री राजेन्द्र थापा | उपसचिव | आन्तरिक तथा आर्थिक प्रशासन शाखा | |
| ५. | श्री सीता शर्मा अधिकारी | उपसचिव | तर्जुमा तथा अनुसन्धान शाखा | |
| ६. | श्री हरिकृष्ण के.सी. | शाखा अधिकृत | आन्तरिक प्रशासन शाखा | |
| ७. | श्री मनुका घिमिरे | शाखा अधिकृत | तर्जुमा तथा अनुसन्धान शाखा | |
| ८. | - | शाखा अधिकृत | तर्जुमा तथा अनुसन्धान शाखा | हाल रिक्त |
| ९. | - | शाखा अधिकृत | तर्जुमा तथा अनुसन्धान शाखा | हाल रिक्त |
| १०. | - | शाखा अधिकृत | तर्जुमा तथा अनुसन्धान शाखा | हाल रिक्त |
| ११. | श्री यदु शर्मा नेपाल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | |
| १२. | - | कम्प्युटर इन्जिनियर | आन्तरिक प्रशासन शाखा | हाल रिक्त |
| १३. | श्री सुवर्ण बहादुर मल्ल | ना.सु., प्रशासन | आन्तरिक प्रशासन शाखा | |
| १४. | श्री झलक के.सी. | ना.सु., प्रशासन | आन्तरिक प्रशासन शाखा | |
| १५. | - | ना.सु., प्रशासन | आन्तरिक प्रशासन शाखा | हाल रिक्त |
| १६. | श्री चण्डेश्वरी प्रजापति | कम्प्युटर अपरेटर | आन्तरिक प्रशासन शाखा | |
| १७. | श्री शिवराज पौडेल | ना.सु., न्याय | निजी सचिवालय | |
| १८. | श्री पारस मणि शर्मा | ना.सु., न्याय | निजी सचिवालयर पुस्तकालय | |

| | | | | |
|---|---|---|---|---|
| १९. | - | ना.सु., न्याय | निजी सचिवालय | हाल रिक्त |
| २०. | - | ना.सु., न्याय | निजी सचिवालय | हाल रिक्त |
| २१. | - | ना.सु., न्याय | निजी सचिवालय | हाल रिक्त |
| २२. | श्री सौरव बराल | खरिदार, न्याय | भण्डार | |
| २३. | श्री सन्दिप कुमार लामिछाने | खरिदार, न्याय | तर्जुमा तथा अनुसन्धान शाखा | |
| २४. | श्री मोति कुमारी पौडेल | खरिदार, न्याय | तर्जुमा तथा अनुसन्धान शाखा | |
| २५. | - | खरिदार, न्याय | तर्जुमा तथा अनुसन्धान शाखा | हाल रिक्त |
| २६. | श्री खिल प्रसाद दहाल | ह.स.चा. | आन्तरिक प्रशासन शाखा | |
| २७. | श्री कृष्ण गोविन्द महर्जन | ह.स.चा. | आन्तरिक प्रशासन शाखा | |
| २८. | श्री बहादुर महर्जन | ह.स.चा. | आन्तरिक प्रशासन शाखा | |
| २९. | श्री राम प्रसाद राजबाहक | ह.स.चा. | आन्तरिक प्रशासन शाखा | |
| ३०. | श्री धन बहादुर क्षेत्री | ह.स.चा. | आन्तरिक प्रशासन शाखा | |
| ३१. | श्री मिठे राना | का.स. | आन्तरिक प्रशासन शाखा | |
| ३२. | श्री राम बहादुर राना | का.स. | आन्तरिक प्रशासन शाखा | |
| ३३. | श्री सविता राना | का.स. | आन्तरिक प्रशासन शाखा | |
| ३४. | श्री सृजना लम्साल | का.स. | आन्तरिक प्रशासन शाखा | |
| ३५. | श्री कर्ण बहादुर बस्नेत | का.स. | आन्तरिक प्रशासन शाखा | |
| ३६. | श्री दिल शोभा पोडे | स्वीपर | आन्तरिक प्रशासन शाखा | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

(१) आयोगले नेपाल सरकारका विभिन्न मन्त्रालयको अनुरोधमा वा आयोगको आफ्नै पहलमा आयोगको लागि वार्षिक विनियोजित रकमबाटै विधेयकका मस्यौदा गर्ने रअध्ययन अनुसन्धान समेतको कार्य गर्ने गरेको हुँदा कुनै शुल्क लाग्दैन ।

तर कुनै मन्त्रालय वा निकायले साधन स्रोत उपलव्ध गराउने गरी कानून निर्माणको लागि विधेयक तर्जुमा गरिदिन अनुरोध गरेमा आयोगले त्यस्तो अनुरोध बमोजिम पनि कानून मस्यौदा गर्ने गरेको छ ।

(२) आयोगको वेवसाइटमा उपलब्ध सामाग्री निशुल्क रुपमा पढ्न र डाउनलोड गर्नसकिने ब्यवस्था मिलाएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार :-

आयोगको निर्णय आयोगको बैठकको बहुमत राय बाट हुने र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने व्यवस्था ऐनको दफा ११ ले गरेको छ । आयोगको प्रशासनिक विषयमा सचिवबाट निर्णय हुने व्यवस्था छ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :-

आवश्यक नभएको र आयोगको काम कारवाही सम्बन्धमा कुनै गुनासो भए आयोगको ईमेल info@lawcommission.gov.np मा पठाउन सकिने व्यवस्था रहेकोछ।आयोग परिसरमा गुनासो पेटिका समेत राखिएको छ ।

## ९. सम्पादन गरेको कामको विवरण :-

नेपाल कानून आयोगले आ.व. २०७४/७५ मा सम्पादन गरेका मुख्य-मुख्य कामहरुको विवरण यस प्रकार छ :-

**विधेयक मस्यौदाः-** ५ वटा विधेयकको मस्यौदा गरी सम्बन्धित मन्त्रालयमा पेश गरिएको छ ।

**गोष्ठी/सेमिनारः** - विधेयक तर्जुमा लगायत विभिन्न विषयमा गोष्ठी/सेमिनार हुने प्रावधान अनुरुप ११ वटागोष्ठी/सेमिनार सम्पन्न गरिएको छ ।

**वेवसाइट अद्यावधिकः** - आयोगको वेवसाइट अद्यावधिक गर्ने क्रममा हाल सम्म देहाय बमोजिमको ऐन, नियम अद्यावधिक गरी आयोगको वेब साइटमा अपलोड गरिएको छः

क. नेपाली भाषामा ऐन - ३३७ वटा, नियम - ३१२ वटा, संविधान - नेपालको संविधान

ख. अंग्रेजी भाषामा ऐन - ३०२ वटा, नियम - १६६ वटा, नेपालको संविधान

ग. अन्य सामाग्री -पुराना सामाग्रीहरु जस्तै खारेज भएका ऐन, नियम, हाल सम्मका सवै संविधानहरु इत्यादि आयोगको वेवसाइटको कानून संग्रह खण्डमा राखिएको छ ।

**१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बरः**

(१) कार्यालय प्रमुखः सचिव श्री चिरञ्जीवी खनाल (९८५१०५८४६६, ४४८१०५१)

(२) सूचना अधिकारीः उपसचिव श्री राजेन्द्र थापा (९८४१२९६७५३ / ४४८१०९०)

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

नेपाल कानून आयोग ऐन, २०६३

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः**

# २०७५ सालको असार महिनाको खर्चको फाँटवारी पूँजीगत

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३

म.ले.प.फा.नं
. १३

नेपाल सरकार
नेपाल कानून आयोग
२०७५ साल असार महिनाको खर्चको फाटवारी

आर्थिक बर्ष : ७४/७५
बजेट उपशीर्षक नम्बर :३११०१२४
बजेट उपशीर्षकको नाम :नेपाल कानून आयोग पुँजिगत

| यो महिनाको खर्च | यो महिना सम्मको निकासा | ब.शि.नं. | हिसाबको नाम | जम्मा बार्षिक बजेट | यो महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| ९१५०० | १६३,८२०.०० | २९३११ | फर्निचर तथा फिक्चर्स | १६४,०००.०० | १६३,८२०.०० | १८०.०० | |
| २०६९९८ | ५९८,७९८.०० | २९४११ | सवारी साधन | ६००,०००.०० | ५९८,७९८.०० | १,२०२.०० | |
| ७९१०० | १३६,८३१.७० | २९५११ | मेशिनरी औजार | ४६५,०००.०० | १३६,८३१.७० | ३२८,१६८.३० | |
| ० | ० | २९७१२ | सफ्टवयर निमाण र खरिद खर्च | २००,०००.०० | ०.०० | २००,०००.०० | |
| ३७७५९८ | ८९९,४४९.७० | | | १,४२९,०००.०० | ८९९,४४९.७० | ५२९,५५०.३० | |

कोषको अवस्था

| | | | |
|---|---|---|---|
| बैशाख मसान्त सम्मको निकासा रु. | ८९९,४४९.७० | बैंक मौजदात रू | |
| बैशाख मसान्त सम्मको खर्च रू | ८९९,४४९.७० | कर दाखिला गर्न बाँकी (.) रू | ० |
| जम्मा बाँकी रू | ० | जम्मा रू | |
| पेश्की रू | ० | जम्मा बाँकी रू | |
| खुद खर्च रू | ८९९,४४९.७० | खुद बाँकी रू | |
| | | बैंक खाता नं. स.अ. | |

तयार गर्ने | पेश गर्ने | सदर गर्ने

लेखा अधिकृत
सचिव

# २०७५ सालको असार महिनाको खर्चको फाँटवारी साधारण

म.ले.प.फा.नं. १३

नेपाल सरकार

नेपाल कानून आयोग

२०७५ साल असार महिनाको खर्चको फाटवारी

आर्थिक बर्ष : ०७४/७५

बजेट उपशीर्षक नम्बर :३११०१२३

बजेट उपशीर्षकको नाम :नेपाल कानून आयोग चालु

| यो महिनाको खर्च | यो महिना सम्मको निकासा | ब.शि.नं. | हिसाबको नाम | जम्मा बार्षिक बजेट | यो महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| ६८२,१४६.७० | ११,५९९,०५८.६० | २१११ | तलब | १५,२८४,०००.०० | ११,५९९,०५८.६० | ३,६८४,९४१.४० | |
| २१,०००.०० | २८७,८६२.०० | २१११३ | मंहगी भत्ता | ४२०,०००.०० | २८७,८६२.०० | १३२,१३८.०० | |
| ४,६५०.०० | २२९,१२५.०० | २१११९ | अन्य भत्ता | ४४५,०००.०० | २२९,१२५.०० | २१५,८७५.०० | |
| ०.०० | १८७,५००.०० | २११२१ | पोशाक | २६३,०००.०० | १८७,५००.०० | ७५,५००.०० | |
| ९९६२८.४ | ३०२,५९१.८० | २२१११ | पानी तथा बिजुली | ५१८,०००.०० | ३०२,५९१.८० | २१५,४०८.२० | |
| २१,०००.०० | २८९,७४३.१९ | २२११२ | संचार महसुल | ३१७,०००.०० | २८९,७४३.१९ | २७,२५६.८१ | |
| ११५,०६०.०० | १,३६४,७३१.०० | २२१२१ | घर भाडा | १,४५१,०००.०० | १,३६४,७३१.०० | ८६,२६९.०० | |
| २२६,६०४.४७ | ९३२,१६८.५० | २२२११ | इन्धन | १,३८१,०००.०० | ९३२,१६८.५० | ४४८,८३१.५० | |
| ६०,१०७.२७ | ७५१,३६३.११ | २२२१२ | सचालन तथा ममत संभार | ७५४,०००.०० | ७५१,३६३.११ | २,६३६.८९ | |
| ७६०० | ४८,५८४.८० | २२२१३ | बीमा | १०७,०००.०० | ४८,५८४.८० | ५८,४१५.२० | |
| ९०,१७३.६० | ५२७,२६६.७० | २२३११ | कार्यालय सम्बन्धी खर्च | ८९०,०००.०० | ५२७,२६६.७० | ३६२,७३३.३० | |
| ० | ३८,१५२.०० | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | १००,०००.०० | ३८,१५२.०० | ६१,८४८.०० | |
| ० | ०.०० | २२३१४ | इन्धन अन्य प्रायोजन | २३,०००.०० | ० | २३,०००.०० | |
| ० | ०.०० | २२४११ | सेवा र परामर्श खर्च | ५०,०००.०० | ० | ५०,०००.०० | |
| १७०,७४०.०० | १,०२०,८४९.३५ | २२४१२ | अन्य सेवा शुल्क | १,३५६,०००.०० | १,०२०,८४९.३५ | ३३५,१५०.६५ | |
| १,४१५,०९०.३९ | ६,६७०,३८४.७७ | २२५२२ | कार्यक्रम खर्च | ११,७५४,०००.०० | ६,६७०,३८४.७७ | ५,०८३,६१५.२३ | |
| ०.०० | ५३,३७५.०० | २२६११ | अनुगमन मूल्याकन खर्च | ३४०,०००.०० | ५३,३७५.०० | २८६,६२५.०० | |
| १६४२९० | १६६,५९०.०० | २२६१२ | भ्रमण खर्च | २००,०००.०० | १६६,५९०.०० | ३३,४१०.०० | |
| १०,७१९.०० | ४२३,६४३.१५ | २२७११ | विविध खर्च | ४४४,०००.०० | ४२३,६४३.१५ | २०,३५६.८५ | |
| ३,०८८,८०९.८३ | २४,८९२,९८८.९७ | | | ३६,०९७,०००.०० | २४,८९२,९८८.९७ | ११,२०४,०११.०३ | |

कोषको अवस्था

| | | | |
|---|---|---|---|
| असार मसान्तसम्मको निकासा रु. | २४,८९२,९८८.९७ | बैंक मौजदात रू | |
| असार मसान्तसम्मको खर्च रू | २४,८९२,९८८.९७ | कर दाखिला गर्न बाँकी (.) रू | |
| जम्मा बाँकी रू | ० | जम्मा रू | |
| पेश्की रू | | जम्मा बाँकी रू | |
| खुद खर्च रू | २४,८९२,९८८.९७ | खुद बाँकी रू | |
| | | बैंक खाता नं. स.अ. | ००१००१०५२०१२६६ |

तयार गर्ने

पेश गर्ने

लेखा अधिकृत

सदर गर्ने

सचिव

## १३. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरुः

**विधेयक तर्जुमाः** ५(पाँच) वटा देहाय बमोजिम विधेयकको मस्यौदा सम्पन्न गरी सम्बन्धित मन्त्रालयमा बुझाएको छः

| क्र.स. | विवरण | मिति | पेश गरिएको मन्त्रालय |
|---|---|---|---|
| १. | प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७४।०५।१९ | वन तथा भू-संरक्षण मन्त्रालयमा पेश |
| २. | पेट्रोलियम पदार्थ तथा ग्यासको कारोवार सम्बन्धी विधेयक | २०७४।०५।१९ | आपूर्ति मन्त्रालयमा पेश |
| ३. | शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७४।१२।२३ | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश |
| ४. | विद्यालय तथा शिक्षण संस्था सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०१।१० | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश |
| ५. | गोपनियता सम्बन्धी विधेयक | २०७५।०३।२२ | गृह मन्त्रालयमा पेश |

## १४. आयोगको वेबसाइटः

आयोगको वेबसाइट www.lawcommission.gov.np रहेको छ ।

## १५. आयोगमा कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरणः

गत आ.व.२०७४।७५ मा UNDP को आर्थिक सहयोगमा ४ वटा Legal Dissemination Program र शिक्षाको अधिकार सम्बन्धी विधेयक तर्जुमा क्रममा २ वटा गोष्ठी सम्पन्न गरिएको थियो।

## १६. आयोगले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदनः

आयोगको कार्यक्षेत्र एवं काम कारबाहीकासम्बन्धमा नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र नेपाल सरकार समक्ष पेश गर्ने गरिएको छ । उक्त प्रतिवेदन आयोगको वेवसाइटमा हेर्न सकिन्छ ।

नेपाल कानून आयोग

**१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

हाल सम्म आयोगबाट सूचनाको वर्गिकरण गरिएको छैन ।

**१८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरणः**आ.व. २०७४।०७५ मा सूचना माग गरी आयोगमा कुनै निवेदन परेको छैन ।

**१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरणः**

(१) आयोगको वेवसाइटमा,

(२) आयोगको वार्षिक प्रतिवेदनमा,

(३) अव देखि राष्ट्रिय सूचना आयोगको वेवसाइटमा समेत प्रकाशन गरिनेछ ।

**२०. तोकिए बमोजिम अन्य विवरणः**

(१) सार्वजनिक खरिद सम्बन्धि विद्यमान कानूनमा सुधारको आवश्यकता सम्बन्धि अन्तरक्रिया/गोष्ठी सम्पन्न गरेको

(२) मुलुकी देवानी र फौजदारी संहिताका बारेमा स्थानीय जनप्रतिनिधिहरुलाई जानकारी गराउन देहायका स्थानीय तहहरुमा Legal Disseminationकार्यक्रम सम्पन्न गरेकोः

- हेटौडा उप-महानगरपालिका (मकवानपुर)
- कोल्हवी नगरपालिका (बारा)
- निजगढ नगरपालिका (बारा)
- जीतपुर सिमरा उप-महानगरपालिका (बारा)